मोहन्याल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स.:०७९/०८०
च.नं.: १६९५

मितिः- २०८०।०३।०३

**विषयः नियमित रुपमा पठन पाठन सञ्चालन गर्ने सम्बन्धमा।**

श्री सामुदायिक विद्यालयहरु सबै,
मोहन्याल गाँउपालिका , कैलाली।

उपरोक्त विषयमा मिति २०८०।०३।०३ गते देखि सामुदायिक विद्यालयहरु अनिश्चित कालका लागि बन्द गर्ने भनी निकालिएका विभिन्न प्रेश विज्ञप्ति र प्रकाशित समाचार सम्बन्धमा गम्भिर ध्यानाकर्षण भएको छ। लामो समयदेखि विद्यालयका कर्मचारीहरुको न्यून पारिश्रमिकमा काम गर्दै आइरहेको सन्दर्भलाई सम्वेदनशील रुपमा लिई सो को सम्बोधनका लागि मोहन्याल गाँउपालिकाको सिमित स्रोत साधनबाट समेत गाउँपालिका अनुदानका रुपमा विद्यालय कर्मचारीको थप पारिश्रमिक व्यवस्थापन गरेको व्यहोरा समेत अवगत नै होला आगामी दिनमा पनि स्रोत साधनले भ्याए सम्म सोको सम्बोधनका लागि पहल गरीने नै छ। शान्तिपुर्ण तरिकाले आफ्नो पेशागत वृति बिकासको माग राख्नु जायज भएपनि विद्यालय जस्तो सम्वेदनशील र शान्ति क्षेत्रमा बन्द हडताल गरी बालबालिकाले निर्बाध रुपमा शिक्षा प्राप्त गर्न पाउनुपर्ने नैसर्गिक अधिकारबाट वञ्चित गर्ने अधिकार कसैलाई नभएकाले नियमित रुपमा विद्यालय सञ्चालन गरी पठनपाठन गर्ने व्यवस्था मिलाउन हुन अनुरोध छ। प्रचलित कानुन विपरित विद्यालय बन्द लगायतका अन्य गतिविधि गरेको पाइएमा कानुन बमोजिम कारवाही भैजाने व्यहोरा समेत अनुरोध छ।

**सादर अवगतार्थः-**

श्री अध्यक्ष ज्यू,
श्री उपाध्यक्ष ज्यू,

**टेक बहादुर साउँद**
**शिक्षा अधिकृत**

**राज बहादुर सार्की**
**प्रमुख प्रशासकीय अधिकृत**

**Website** https://mohanyalmun.gov.np

**email** ito.mohanyalmun@gmail.com